नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ८१ | २०७९ साल कात्तिक ५ गते शनिबार (22 Oct 2022 Saturday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशमा एक हजार.. ३ पृष्ठमा : घर जग्गा कारोबार : दुई अर्ब ५६.. ३ पृष्ठमा : न्युयोर्कमा पनि दीपावलीको..

# पत्रकार महासंघद्वारा शुभकामना आदानप्रदान




**दैनिक समाचारदाता राजविराज, ४ कात्तिक ।**

नेपाल पत्रकार नेपाल पत्रकार महासंघ शाखा सप्तरीले शुक्रबार शुभदिपावली, एवं छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ ।

शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षता आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा जिल्लाका संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

राजविराजस्थित नेपाल पत्रकार महासंघ सप्तरीको सभाहलमा आयोजित कार्यक्रममा मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ शाखा सप्तरीका पुर्वसभापती एवम पुर्व केन्द्रिय सदस्य शम्भु झा, पुर्व सभापति विष्णु कुमार मण्डल, पूर्वसभापति बैधनाथ झा, पूर्वसभापति मुरली प्रसाद यादव, पुर्व केन्द्रिय सदस्य अवधेश झा, वरिष्ठ पत्रकार अनिल कुमार अनल, गणेशलाल देव, राधेश्याम रमण, नेपाल पत्रकार महासंघ सप्तरीका पुर्व उपाध्यक्ष सुधा देवले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सोही कार्यक्रममा प्रेस मञ्च नेपाल सप्तरीका अध्यक्ष बृजमान तामाङ, प्रेस चौतारी सप्तरीका अध्यक्ष डम्बर राई, समाजवादी प्रेस संगठन सप्तरीका अध्यक्ष अनिल पोखरेल, प्रेस युनियन सप्तरीका कार्यबाहक अध्यक्ष विनयलाल कर्ण, सतिश कुमार दत्त, प्रबेश मिश्रा लगायत समेतकाले शुभकामना मन्तव्य व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सचिब रामनारायण यादवद्वारा संचालित कार्यक्रममा उपाध्यक्ष बैधनाथ यादवले शुभकामना तथा महिला उपाध्यक्ष अम्बिका दाहाले धन्यवाद व्यक्त गरेका थिए ।

# निर्वाचन हुन एक महिना बाँकी

काठमाडौं, ४ कात्तिक (रासस) ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति आउन ठीक एक महिना बाँकी रहेको छ ।

निर्वाचनको तयारीका लागि निर्वाचन आयोग र नेपाल सरकार तथा सम्बन्धित पक्षले आवश्यक कार्य गरिरहेका छन् । नेपालको संविधानले प्रतिनिधिसभा सदस्य दुई सय ७५ मध्ये एक सय ६५ र प्रदेशसभा सदस्य पाँच सय ५० मध्ये तीन सय ३० स्थान (कूल सदस्य सङ्ख्याको ६० प्रतिशत) हुन आउने सदस्यका लागि यो समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचन हुने व्यवस्था गरेको छ । अन्य सदस्य पहिलो निर्वाचित हुने प्रणाली (प्रत्यक्ष)बाट हुन्छ ।

आयोगले प्रत्यक्षतर्फ उम्मेदवारको मनोनयनपत्र दर्ताको अन्तिम विवरण प्रकाशन गरिसकेको छ भने समानुपातिकतर्फ कात्तिक ८ गते बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिमरुपमा प्रकाशन गर्ने कार्यक्रम तय गरेको छ ।

आगामी मङ्सिर ४ गते हुने मतदानका लागि मतदाता नामावलीमा नाम दर्ता भई विसं २०७९ मङ्सिर ३ गतेसम्ममा १८ वर्ष उमेर पूरा हुने तथा आयोगको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाली नागरिक मतदान गर्न योग्य हुनेछन् । निर्वाचनका लागि एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता रहेका छन् । यसमा ८८ लाख ४७ हजार पाँच सय ७९ महिला र ९१ लाख ४० हजार आठ सय छ पुरुष तथा एक सय ८५ जना अन्य रहेका छन् । देशभर कूल १० हजार आठ सय ९१ र २२ हजार दुई सय २६ मतदानस्थल तोकिएको छ ।

# ५४ जनामा कोरोना संक्रमण

**दैनिक समाचारदाता काठमाडौं, ४ कात्तिक ।**

देशभर शुक्रबार कोरोना भाइरसको सङ्क्रमण ५४ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार गरेको नियमित बुलेटिनमा दुई हजार चार सय ८० परीक्षणमध्ये सो सङ्ख्यामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ ।

शुक्रबार ५४ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । अहिलेसम्म नौ लाख ८७ हजार छ सय ३४ जना उपचारपछि घर फर्किसकेको मन्त्रालयले जनाएको छ । निको हुने प्रतिशत ९८ दशमलव सात प्रतिशत रहेको छ ।

सक्रिय सङ्क्रमितको सङ्ख्या सात सय २१ जना पुगेको छ । विगत २४ घण्टामा कोरोना भाइरसविरुद्धको खोप ३५ हजार एक सय ९४ जनाले लगाएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । अहिलेसम्म लक्षित जनसङ्ख्याको ९९ दशमलव पाँच प्रतिशतले एक मात्रा र ९५ दशमलव सात प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

**मंगलमय शुभकामना**

२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।






**राजविराज दैनिक**
**परिवार**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**सवारी साधनमा अनावश्यक भीडभाड नगरौं।**
**मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।**

**दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# मधेस प्रदेशमा एक हजार पाँचसय ९८ उम्मेदवारमा स्वतन्त्र बढी

**राजु विश्वकर्मा**

जनकपुरधाम, ४ कात्तिक (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मधेस प्रदेशमा राजनीतिक पार्टीभन्दा स्वतन्त्र उम्मेदवार बढी छन्।

मधेस प्रदेशका आठ जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि एक हजार पाँच सय ९८ उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिदा करिब ५२ प्रतिशत अर्थात् आठसय ४९ उम्मेदवार स्वतन्त्र नै छन्। आठवटै जिल्लामा चार/चार वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र गरी ३२ वटा र प्रदेशसभातर्फ आठ/आठ वटा निर्वाचन क्षेत्र गरी ६४ वटा निर्वाचन क्षेत्र छन्।

प्रतिनिधिसभातर्फको ३२ सिटका लागि प्रदेशमा विभिन्न दलका दुई सय ९३ र दुई सय ९७ स्वतन्त्र गरी पाँच सय ९० उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको निर्वाचन आयोगले जनाएको छ। प्रदेशसभातर्फको ६४ सिटका लागि एक हजार आठ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन्। तीमध्ये विभिन्न दलबाट चार सय ५६ र स्वतन्त्र पाँच सय ५२ उम्मेदवार छन्।

प्रतिनिधिसभातर्फ सबैभन्दा बढी धनुषामा ६६ स्वतन्त्र उम्मेदवार छन् भने प्रदेशभातर्फभन्दा बढी महोत्तरीमा एक सय दुईले स्वतन्त्र उम्मेदवारको रुपमा उम्मेदवारी दर्ता गराएका छन्। सबैभन्दा कम प्रतिनिधिसभातर्फ पर्सामा २३ र प्रदेशसभातर्फ सप्तरीमा ३७ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

धनुषामा प्रतिनिधिसभाका लागि विभिन्न दलबाट ३७ र ६६ स्वतन्त्र गरी एक सय तीन जना चुनावी प्रतिस्पर्धामा रहेको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिनुभयो। धनुषामा विभिन्न दलबाट १० पूर्वमन्त्री प्रतिनिधिसभा सदस्यका लागि चुनावी मैदानमा उत्रेका छन्।

सिरहामा प्रतिनिधिसभा सदस्यका लागि विभिन्न राजनीतिक दलबाट ३७ र स्वतन्त्र ४८ गरी ८५ उम्मेदवार चुनावी मैदानमा छन्। जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा सिके राउतलगायत नेता उम्मेदवार रहेका कारण बढी चर्चामा रहेको सप्तरीमा प्रतिनिधिसभा सदस्यका विभिन्न दलबाट ४३ र स्वतन्त्र २६ गरी ६९ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

महोत्तरीमा प्रतिनिधिसभातर्फ विभिन्न दलका ३४ र स्वतन्त्र ३३ गरी ६७ उम्मेदवार छन्। प्रतिनिधिसभातर्फ नै सर्लाहीमा दलका ३४ र स्वतन्त्र ३५ गरी ६९ उम्मेदवार चुनावी प्रचार अभियानमा छन्। पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालसमेत उम्मेदवार रहनुभएको रौतहट जिल्लामा प्रतिनिधिसभाका लागि विभिन्न दलका ३१ र स्वतन्त्र ३६ गरी ६७ उम्मेदवार प्रतिस्पर्धामा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

सबैभन्दा बढी दुई वटा उपमहानगरपालिका रहेको बारा जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि विभिन्न दलका ४७ र ३० स्वतन्त्र गरी ७७ चुनावी प्रतिस्पर्धामा उत्रिदा छिमेकी जिल्ला पर्सामा प्रतिनिधिसभाका लागि विभिन्न दलका ३० र २३ स्वतन्त्र गरी ५३ उम्मेदवार चुनावी परिणाम आफ्नो पक्षमा पार्ने दाउमा छन्।

प्रदेशसभा सदस्यका लागि पनि मधेस प्रदेशमा उल्लेख्य सङ्ख्यामा स्वतन्त्र उम्मेदवारी दर्ता भएको छ। प्रदेशको राजधानीसमेत रहेको धनुषामा प्रदेशसभाका लागि विभिन्न दलबाट ६१ र स्वतन्त्र ७७ गरी एक सय ३८ उम्मेदवार चुनावी मैदानमा उत्रिएको मुख्य निर्वाचन अधिकृत प्याकुरेलले बताउनुभयो।

सिरहामा प्रतिनिधिसभामा जस्तै प्रदेशसभाका लागि पनि दलको भन्दा दोब्बर सङ्ख्यामा स्वतन्त्रको उम्मेदवारी परेको छ। सिरहामा प्रदेशसभाका लागि विभिन्न दलबाट ४८ र ७१ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।

सप्तरीमा प्रदेशसभा सदस्यका लागि विभिन्न दलबाट ७० र स्वतन्त्र ३७ गरी एक सय सात उम्मेदवार चुनावी प्रतिस्पर्धामा देखिएका छन्। महोत्तरीमा प्रदेशसभा सदस्यका लागि दलबाट ६० र स्वतन्त्रबाट एक सय दुई गरी एक सय ६२ उम्मेदवार छन् भने सर्लाहीमा प्रदेशसभाका लागि दलबाट ५९ र ७४ स्वतन्त्र गरी एक सय ३३ उम्मेदवार चुनावी महाभियानमा होमिएका छन्।

रौतहटमा प्रदेशसभा सदस्यका लागि दलबाट ४९ र ८६ स्वतन्त्र गरी एक सय ३५, बारामा दलबाट ६२ र स्वतन्त्र ४४ गरी एक सय छ तथा पर्सामा विभिन्न दलका ४७ र ६१ स्वतन्त्र गरी एक सय आठ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा कतिपय स्थानीय तहमा स्वतन्त्र उम्मेदवारले विजयी हासिल गर्नु र राजनीति दल गठबन्धन गरी निर्वाचनमा जाँदा आकाङ्क्षीले पार्टीबाट उम्मेदवार बन्न नपाएकाले राजनीतिक दलका भन्दा स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढेको विश्लेषक तथा अधिवक्ता देवनारायण यादवको भनाइ थियो।

"पहिला पहिलाको निर्वाचनमा अहिलेको जस्तो राजनीतिक गठबन्धन हुने गरेको थिएन्", उहाँले भन्नुभयो, "त्यसैले धेरै राजनीति दलहरु छुट्टाछुटै चुनावी प्रतिस्पर्धामा जान्थे, धेरै राजनीतिक दलबाटै उम्मेदवार हुन्थ्यो, तर अहिले गठबन्धनका कारण थेरैले दलबाट उम्मेदवार बन्न पायो, त्यसैको परिणाम अहिले स्वतन्त्र उम्मेदवार धेरै देखिएको हो।"

यसैगरी गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा केही स्थानीय तहमा स्वतन्त्र उम्मेदवारले जित हासिल गरेकाले पनि स्वतन्त्र उम्मेदवारी दने क्रम बढेको छ अधिवक्ता यादवले भन्नुभयो। स्वतन्त्र उम्मेदवारी दिएकाले भने राजनीतिक पार्टीले जनताको भावनामाथि खेलवाड गरेकाले आफूहरुले स्वतन्त्ररुपमा उम्मेदवारी दिएको जिकिर गरेका छन्।

सिरहा क्षेत्र नम्बर २ का स्वतन्त्र उम्मेदवार देवकुमार यादवले राजनितिक दलबाट निर्वाचित भएका नेताले जनताको भावनाविपरीत दलीय दबाबमा परी जनताको हितमा काम नगरेकाले आफूले स्वतन्त्र उम्मेदवारी दिएको बताउनुभयो।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यस प्रदेशमा १३ लाख ३२ हजार छ सय ४० महिला, १५ लाख ७७ हजार ३१७ पुरुष र ६६ अन्य गरी २९ लाख १० हजार २३ मतदाता छन्। आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने व्यवस्थाभएअनुसार मधेस प्रदेशमा २९ लाख १० हजार २३ मतदाता रहेको आयोगका उपसचिव एवं सहायकप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो।

तीमध्ये सबैभन्दा बढी बारामा एक लाख ९१ हजार चार सय ९० महिला, दुई लाख ३१ हजार आठ सय २६ पुरुष र ११ अन्य गरी चार लाख २३ हजार तीन सय २७ मतदाता छन् भने सबैभन्दा कम महोत्तरीमा एक लाख ५४ हजार सात सय ८७ महिला, एक लाख ८१ हजार तीन सय सात पुरुष र एक अन्य गरी तीन लाख ३६ हजार ९५ मतदाता छन्।

यसैगरी सप्तरीमा दुई लाख एक हजार ७१ महिला, दुई लाख १७ हजार दुई सय ८२ पुरुष र २१ अन्य गरी चार लाख १८ हजार तीन सय ७४, सर्लाहीमा एक लाख ८७ हजार आठ सय ३७ महिला, दुई लाख २५ हजार तीन सय २९ पुरुष र आठ अन्य गरी चार लाख १३ हजार एक सय ७४ मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ।

धनुषामा एक लाख ९३ हजार एक सय चार महिला, दुई लाख १६ हजार आठ सय ७५ पुरुष र छ अन्य गरी चार लाख नौ हजार नौ सय ८५, रौतहटमा एक लाख ८५ हजार ४६ महिला, २ लाख २२ हजार नौ सय ४५ पुरुष र एक अन्य गरी चार लाख सात हजार नौ सय ९२ मतदाता छन्।

सिरहामा एक लाख ६९ हजार सात सय ७२ महिला, एक लाख ९४ हजार तीन सय ४३ पुरुष र दुई अन्य गरी कूल तीन लाख ६४ हजार एक सय १७ तथा पर्सामा एक लाख ५१ हजार आठ सय महिला, एक लाख ९४ हजार नौ सय चार पुरुष र १६ अन्य गरी तीन लाख ४५ हजार नौ सय २८ मतदाता छन्।

# गत असोजमा घरजग्गाको कारोबार : दुई अर्ब ५६ करोड राजस्व सङ्कलन

काठमाडौँ, ४ कात्तिक (रासस)।

विसं २०७८ असोजमा देशभरका मालपोत कार्यालयले रु सात अर्ब ३३ करोड २१ लाख १५ हजार चार सय ९६ बराबरको राजस्व सङ्कलन गरेको थियो। घरजग्गाको कारोबार अपेक्षितरुपमा राम्रो थियो। सरकारले प्राप्त गर्ने राजस्वसमेत उल्लेख्य नै थियो।

गत असोजमा भने रु दुई अर्ब ५६ करोड ९३ लाख ४८ हजार तीन सय ९३ बराबरको मात्रै राजस्व सङ्कलन भएको छ। एक वर्षको अवधिमा नै झण्डै ७० प्रतिशतको दरले राजस्व सङ्कलनमा गिरावट भएको छ। यसबाट घर जग्गाको कारोबारमा उल्लेख्यरुपमा गिरावट भएको देखिन्छ।

देशभरको कारोबारको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार २०७७ असोजमा रु पाँच अर्ब २७ करोड २० लाख ५३ हजार आठ सय तीन बराबरको राजस्व सङ्कलन भएको थियो।

पछिल्ला तीन वर्षको विवरण हेर्दा यस वर्षको असोजमा राजस्व सङ्कलन मात्रै होइन कित्ताकाट र लिखत पारितसमेत उल्लेख्यरुपमा घटेको देखिन्छ। त्यसको पछाडि नेपाल राष्ट्र बैंकले घरजग्गामा जाने ऋणमाथि गरेको कडाई नै प्रमुख कारण रहेको यस क्षेत्रका जानकारको भनाइ छ।

घर जग्गामा हुने ऋण

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७८१९८७

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# घर जग्गा कारोबार : दुई अर्ब ५६ करोड राजस्व सङ्कलन

काठमाडौँ, ४ कात्तिक (रासस) ।
विसं २०७८ असोजमा देशभरका मालपोत कार्यालयले रु सात अर्ब ३३ करोड २१ लाख १५ हजार चार सय ९६ बराबरको राजस्व सङ्कलन गरेको थियो । घर जग्गाको कारोबार अपेक्षितरुपमा राम्रो थियो । सरकारले प्राप्त गर्ने राजस्वसमेत उल्लेख्य नै थियो ।

गत असोजमा भने रु दुई अर्ब ५६ करोड ९३ लाख ४८ हजार तीन सय ९३ बराबरको मात्रै राजस्व सङ्कलन भएको छ । एक वर्षको अवधिमा नै झण्डै ७० प्रतिशतका दरले राजस्व सङ्कलनमा गिरावट भएको छ । यसबाट घर जग्गाको कारोबारमा उल्लेख्यरुपमा गिरावट भएको देखिन्छ ।

देशभरको कारोबारको विवरण राख्दै भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार २०७७ असोजमा रु पाँच अर्ब २७ करोड २० लाख ५३ हजार आठ सय तीन बराबरको राजस्व सङ्कलन भएको थियो ।

पछिल्ला तीन वर्षको विवरण हेर्दा यस वर्षको असोजमा राजस्व सङ्कलन मात्रै होइन कित्ताकाट र लिखत पारितसमेत उल्लेख्यरुपमा घटेको देखिन्छ । त्यसको पछाडि नेपाल राष्ट्र बैंकले घर जग्गामा जाने ऋणमाथि गरेको कडाइ नै प्रमुख कारण रहेको यस क्षेत्रका जानकारको भनाइ छ ।

घर जग्गामा हुने ऋण लगानीलाई केन्द्रीय बैंकले अनुत्पादक क्षेत्रका रुपमा घोषणा गरेको छ । काठमाडौँ उपत्यकामा ३० प्रतिशत र उपत्यका बाहिर ४० प्रतिशत बराबर मात्रै ऋण उपलब्ध गराउने भन्ने व्यवस्था चालु आवको मौद्रिक नीतिमा गरिएको छ ।

मुलुकको आर्थिक अवस्था पनि खासै राम्रो नभएको तथा लगानीका अन्य क्षेत्रले समेत कर्जा नपाएको अवस्थामा घर जग्गामा सहजै मात्रामा ऋण उपलब्ध हुने अवस्था छैन । विभागका अनुसार चालु आवको पहिलो महिनाअर्थात् गत साउनमा घर जग्गाको कारोबारबाट रु दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार बराबर राजस्व सङ्कलन भएको थियो । त्यस्तै गत भदौमा रु तीन अर्ब ५६ करोड २९ लाख तीन हजार नौ सय बराबरको राजस्व सङ्कलन भएको थियो ।

विभागका अनुसार गत असोजमा मात्रै २७ हजार आठ सय ५० घर जग्गाको कारोबार भएको छ । त्यस्तै भदौमा एक लाख आठ हजार आठ सय ८१ वटा कारोबार भएको थियो । साउनमा भने कूल ९८ हजार ६४ वटा कारोबार भएका थिए । कारोबारको मात्रामा समेत गिरावट आएको विभागको विवरणमा देखिन्छ ।

भूउपयोग नीतिअनुसार स्थानीय तहले जग्गाको वर्गीकरण गर्न समय लागेकाले पनि नापी तथा मालपोत कार्यालयमा अपेक्षा गरेअनुसारको घर जग्गाको कारोबार हुन नसकेको बताइन्छ ।

# आचारसंहिता विपरीत करका दायरा हेरफेर गरिएकोप्रति स्पष्टीकरण

काठमाडौँ, ४ कात्तिक (रासस) ।
निर्वाचन आयोगलले गण्डकी प्रदेशलाई निर्वाचनको उम्मेदवारी दर्ता भइसकेको अवस्थामा करका दायराहरूमा हेरफेर गरेको भन्ने सम्बन्धमा प्रदेश सरकारलाई स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ ।

आयोगले सो विषयमा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुखसचिव र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई स्पष्टीकरण पत्र पठाइ प्रदेश सरकारबाट नीति तथा कार्यक्रम पारित भइसकेको अवस्थामा प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता भइ सकेपश्चात प्रदेश सरकारले करका दरहरूमा हेरफेर गरेको भन्ने सूचना प्राप्त भएको विषयमा आयोगको ध्यानाकर्षण भएको जनाएको हो ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ५, नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड ( ख) मा "वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने" भन्ने व्यवस्था छ ।

गण्डकी प्रदेश सरकारको मिति २०७९ असोज २७ गतेको प्रदेश राजपत्र (सङ्ख्या ०५) मा त्यस सरकारले विभिन्न करका दरमा छुट दिने गरी सूचना प्रकाशन गरेको विषय आर्थिक मामिला तथा योजना मन्त्रालयको वेबसाइट समेतमा प्रकाशन भएको हुँदा प्राप्त भएको समयले २४ घण्टाभित्र आयोगमा प्राप्त हुने गरी स्पष्टीकरण पेश गर्न आयोगले निर्देश गरेको छ ।

"प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता सकेको तथा निर्वाचन आचारसंहिता लागु भइसकेको अवस्थामा गण्डकी प्रदेश सरकारबाट करका दायरामा हेरफेर गर्ने निर्णय गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने कार्यबाट निर्वाचन आचारसंहिता, २०७९ को खण्ड (ख)को उल्लङ्घन भएको देखिएकाले यहाँसमेतलाई उक्त निर्णयको लागि जिम्मेवार ठहऱ्याई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम किन कारवाही हुनु नपर्ने हो ?" आयोगको स्पष्टीकरणमा भनिएको छ ।

***गत असोजमा...***

लगानीलाई केन्द्रीय बैंकले अनुत्पादक क्षेत्रका रुपमा घोषणा गरेको छ । काठमाडौँ उपत्यकामा ३० प्रतिशत र उपत्यका बाहिर ४० प्रतिशत बराबर मात्रै ऋण उपलब्ध गराउने भन्ने व्यवस्था चालू आवको मौद्रिक नीतिमा गरिएको छ ।

विभागका अनुसार चालू आवको पहिलो महिना अर्थात् गत साउनमा घर जग्गाको कारोबारबाट रु दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार बराबर राजस्व सङ्कलन भएको थियो ।

त्यस्तै गत भदौमा रु तीन अर्ब ५६ करोड २९ लाख तीन हजार नौ सय बराबरको राजस्व सङ्कलन भएको थियो । विभागका अनुसार गत असोजमा मात्रै २७ हजार आठ सय ५० वटा घर जग्गाको कारोबार भएको छ । त्यस्तै भदौमा एक लाख आठ हजार आठ सय ८१ वटा कारोबार भएको थियो । साउनमा भने कूल ९८ हजार ६४ वटा कारोबार भएका थिए । कारोबारको मात्रामा समेत गिरावट आएको विभागको विवरणमा देखिन्छ ।

भूउपयोग नीतिअनुसार स्थानीय तहले जग्गाको वर्गीकरण गर्न समय लागेकाले पनि नापी तथा मालपोत कार्यालयमा अपेक्षा गरेअनुसारको घरजग्गाको कारोबार हुन नसकेको बताइन्छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### न्युयोर्कमा पनि दीपावलीको बिदा

न्युयोर्क, ४ कात्तिक (रासस/एएनआई) ।
आगामी वर्षको दीपावलीदेखि न्युयोर्क महानगरका सार्वजनिक विद्यालयमा बिदा दिइने भएको छ । न्युयोर्क महानगरका प्रमुख एरिक एडम्सले बिहीबार उक्त घोषणा गरेका हुन् । न्युयोर्क विधानसभा सदस्य जेनिफर राजकुमारले दीपावलीमा बिदा दिनेसम्बन्धी कानुनी प्रस्ताव प्रस्तुत गरेका थिए । महानगरका विधायकले पनि उक्त प्रस्तावलाई अनुमोदन गरेको केवल न्युज नेटवर्कले जनाएको छ । प्रकाशको पर्व दीपावली मनाउने हिन्दू, बौद्ध, सिख र जैन धर्मका दुई लाखभन्दा बढी न्युयोर्कवासीले उक्त निर्णयको स्वागत गरेका छन् । दीपावलीको बिदाले विद्यालयको पठनपाठनमा कुनै असर नपर्ने र नियमानुसार वार्षिक एक सय ८० दिन कक्षा सञ्चालन हुने बताइएको छ ।

### सोमालियालीलाई एक अर्ब डलर सहयोग माग

मोगादिसु, ४ कात्तिक (रासस/सिन्हवा) ।
सोमालियाका कम्तीमा पनि एक ७६ लाख नागरिकको तत्काल उद्धारका लागि कम्तीमा पनि एक अर्ब अमेरिकी डलरको सहयोग आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । सोमालियामा अहिले करिब ७६ लाख नागरिकलाई मानवीय सहायताको आवश्यकता परेकाले त्यसको सहयोगका लागि उक्त रकम चाहिएको बताइएको हो । संयुक्त राष्ट्रसङ्घीय सहायता निकायहरुले सो कुराको जानकारी दिएका हुन् । संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सी तथा संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरसका सोमालियाली उपमहासचिव आदम अब्देलमुल्लाहले सो कुराको जानकारी दिनुभएको हो ।

उपमहासचिव आदम र ती निकायहरुले शुक्रबार सो कुराको जानकारी दिनुभयो । उहाँले भन्नुभएको छ- सोमालियामा दिनप्रतिदिन मानवीय सहायताको खाँचो परिरहेको र यसका लागि विश्वका सहायता एजेन्सीहरुले सहयोगको मात्रालाई थप बढाउनुपर्ने आवश्यकता छ । अन्यथा केही महिनामा नै यहाँको अवस्था निकै नै नाजुक हुनेछ । उहाँले यहाँ खाद्यान्नको अभाव भएको, जसका कारण बालबालिकामा कुपोषणको समस्या देखिएको, कतिपय स्थानमा त औषधिको आपूर्ति पनि आवश्यक मात्रामा गर्न नसकिएको पाइएको संयुक्त राष्ट्रसंघीय निकायहरुले जनाएका छन् ।

### नाइजेरियाली सेनाको कारबाहीमा बोको हरामका ३१ जना लडाका मारिए

अबुजा, ४ कात्तिक (रासस/सिन्हवा) ।
नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा केही दिनयता भएको सुरक्षाका कारबाहीमा परेर कम्तीमा पनि ३१ जनाको ज्यान गएको छ । यहाँका सुरक्षा अधिकारीहरुले सो कुराको जानकारी दिएका छन् । ती अधिकारीहरुका अनुसार गएका केही दिनयता भएका कारबाहीका क्रममा कम्तीमा पनि ३१ जना बोको हरामका लडाका मारिएका हुन् । नाइजेरियाली सेनाको समन्वयमा यहाँका सबै सुरक्षा निकायहरुले बोको हरामका लडाकाहरुमाथि सो कारबाही गरेका हुन् । सो कारबाहीका क्रममा अरु ७० जना लडाका पक्राउ परेका र कैयौँ हातहतियार पनि नियन्त्रणमा लिइएको जनाइएको छ ।

यहाँको सेनाका प्रवक्ता मुसा दाबामनीले दिएको जानकारीअनुसार यहाँको उत्तर पूर्वी क्षेत्रहरुमा पछिल्लो समयमा सर्वसाधारणमाथि आक्रमण गर्ने कार्यलाई निरन्तरता दिएपछि सेनाको समन्वयमा यहाँका सम्पूर्ण सुरक्षा निकायले कारबाही प्रक्रियालाई अघि सारेको बताइएको हो । यसक्रममा बोको हरामका केही लडाका घाइते भएका छन् भने तीन सयभन्दा बढीले आत्मसर्पण गरेको जनाएका छन् । नाइजेरियामा केही वर्षयतादेखि बोको हराम नाकको एक आतङ्ककारी समूहले आतङ्क मच्चाइरहेको छ ।

### पूर्व प्रधानमन्त्री खान चुनावमा भाग लिन नपाउने

इस्लामाबाद, ४ कात्तिक (रासस/एएफपी) ।
पाकिस्तानको निर्वाचन आयोगले पूर्व प्रधानमन्त्री इमरान खानलाई आगामी पाँच वर्षसम्म चुनावमा भाग लिन नदिने घोषणा गरेको छ । यो निर्णय राजनीतिक झगडामा अर्को मोड हो जुन खानको अप्रिल अपदस्थ हुनु अघि सुरु भयो, र यो पूर्व अन्तर्राष्ट्रिय क्रिकेट स्टार र उनको पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) पार्टीले लडिरहेका धेरै कानूनी लडाइहरू मध्ये एक भएको उहाँको वकिलले जानकारी दिएको छ ।

सत्तामा रहँदा उहाँले अनावश्यक रुपमा उपहार लिएको देशको निर्वाचन आयोगले फैसला गरेपछि उम्मेदवार हुन अयोग्य घोषित गरिएको उहाँको वकिल गोहर खानले जानकारी दिएका हुन । ईसीपी (पाकिस्तानको निर्वाचन आयोग) ले इमरान खानलाई 'भ्रष्ट अभ्यासमा संलग्न भएको घोषणा गरेको छ,' गोहरले भने,'हामी यसलाई अहिले इस्लामाबाद उच्च अदालतमा' चुनौती दिने छौं' गोहरले सञ्चार माध्यमलाई जानकारी दिएका छन् । सरकारी अधिकारीहरूले सबै उपहारहरू घोषणा गर्नुपर्छ, तर तिनीहरूलाई निश्चित मूल्यभन्दा कम राख्न अनुमति दिइएको छ ।

# सरकारको चालु खाता घाटा ३७ अर्ब १८ करोड

काठमाडौं, ४ कात्तिक (रासस)। चालु आर्थिक वर्ष २०७९/८० को पहिलो दुई महिना अवधिमा सरकारको चालु खाता घाटा रु ३७ अर्ब १८ करोड पुगेको छ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार भदौ मसान्तसम्ममा चालु खाता २९ करोड १७ लाख अमेरिकी डलरले घाटामा रहेको देखिएको हो। गत आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा चालु खाता घाटा रु एक खर्ब छ अर्ब आठ करोड बराबर रहेको थियो।

त्यस्तै भदौ मसान्तसम्ममा शोधनान्तर स्थिति रु २३ अर्ब ६८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ९४ अर्ब ८० करोडले घाटामा रहेको थियो।

चालु आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा विदेशी विनिमय सञ्चितिमा पनि कमी आएको छ। गत असार मसान्तमा रु १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चितिमा दुई दशमलव दुई प्रतिशतले कमी आई भदौ मसान्तमा रु ११ खर्ब ८९ अर्ब १६ करोड कायम भएको छ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकसँग रु १० खर्ब ५१ अर्ब ५३ करोड र बैंक तथा वित्तीय संस्थासँग रु एक खर्ब ३७ अर्ब ६३ करोड रहेको छ। भदौ मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव तीन प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षको पहिलो दुई महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले नौ महिनाको वस्तु आयात र सात दशमलव सात महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिएको छ।

यही अवधिमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ्य उत्पादन, कूल आयात र विस्तृत मुद्रा प्रदायसँगका अनुपात क्रमशः २४ दशमलव पाँच प्रतिशत, ६४ दशमलव छ प्रतिशत र २१ दशमलव आठ प्रतिशत रहेको छ।

# केन्द्रीय बैंकको विवरण : तराईमा बढ्यो महँगी

काठमाडौं, ४ कात्तिक (रासस)। तराई-मधेसमा मूल्यवृद्धि अपेक्षित अङ्कभन्दा माथि रहेको पाइएको छ। केन्द्रीय बैंकले शुक्रबार सार्वजनिक गरेको चालू आवको पहिलो दोस्रो महिनाको अन्त्यसम्ममा तराईमा उपभोक्ता मुद्रास्फीति नौ दशमलव ३३ प्रतिशत बराबर रहेको छ।

केन्द्रीय बैंकका अनुसार २०७८ भदौमा तराईको उपभोक्ता मुद्रास्फीति तीन दशमलव ६५ प्रतिशत बराबर थियो। गत भदौ महिनामा काठमाडौं उपत्यकामा सात दशमलव ६२ प्रतिशत पहाडमा आठ दशमलव ८२ प्रतिशत र हिमालमा छ दशमलव ६८ प्रतिशत मुद्रास्फीति रहेको छ।

बैंकका अनुसार २०७८ भदौ महिनामा काठमाडौं उपत्यकामा तीन दशमलव २३ प्रतिशत, पहाडमा तीन दशमलव ९६ प्रतिशत र हिमाली क्षेत्रमा तीन दशमलव ५१ प्रतिशत बराबरको मुद्रास्फीति थियो।

यस्तै भदौ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव ६४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति तीन दशमलव ४९ प्रतिशत थियो। समीक्षा महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति आठ दशमलव १७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति नौ दशमलव शून्य दुई प्रतिशत रहेको छ।

विसं २०७८ भदौको तुलनामा २०७९ भदौमा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत फलफूल, घ्यू तथा तेल, रेष्टुरेन्ट तथा होटल, मदिराजन्य पेयपदार्थ र तरकारी उपसमूहको मूल्यवृद्धि क्रमशः १७ दशमलव २९ प्रतिशत, १४ दशमलव ५३ प्रतिशत, १२ दशमलव ३० प्रतिशत, १० दशमलव २४ प्रतिशत र नौ दशमलव ९४ प्रतिशत रहेको छ।

समीक्षा महिनामा गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात, स्वास्थ्य, फर्निसिङ तथा घरायसी उपकरण, शिक्षा र घरायसी उपयोगका वस्तु उपसमूहको मुद्रास्फीति क्रमशः २३ दशमलव ४१ प्रतिशत, १० दशमलव ५४ प्रतिशत, नौ दशमलव २५ प्रतिशत, आठ दशमलव ११ प्रतिशत र सात दशमलव ६९ प्रतिशत रहेको छ।

# अनलाइनलाई कारबाही गर्न काउन्सिललाई आग्रह

काठमाडौं, ४ कात्तिक (रासस)। निर्वाचन आयोगले पौरखी नेपाल तथा मेरो नेपाल नामक फेसबुक पेजबाट व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गरिएको र सुन्दरी युवती भन्दै भ्रामक श्रव्यदृष्य सामग्री सम्प्रेषण गरिएको विषयमा आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपाललाई पत्र पठाएको छ।

रञ्जिता सिलवाल (चितवन)ले आफ्नो चरित्र हत्या भएको भनी दिएको उजुरीका आधारमा आयोगले काउन्सिललाई सो आग्रह गरेको छ। उक्त विषयमा निवेदकका बारेमा मेचीकाली खबर नामक अनलाइनबाट सामग्री प्रकाशन भएको भन्ने जानकारी आएकाले उक्त प्रकाशित सामग्री तत्काल हटाइ सम्बद्ध अनलाइनलाई आवश्यक कारबाही गर्न काउन्सिललाई आग्रह गरेको हो।


## हार्दिक मंगलमय शुभकामना

शुभ दीपावली





२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**

अध्यक्ष, तथा

जन ज्योति कृषि सहकारी संस्था लिमिटेड, परिवार

राजविराज ९, मलेठ, सप्तरी



## हार्दिक मंगलमय शुभकामना

शुभ दीपावली





२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**शत्रुघन प्रसाद गुप्ता**

अध्यक्ष, तथा

नेपाल सहकारी संस्था लिमिटेड, परिवार

राजविराज ३, सप्तरी



## हार्दिक मंगलमय शुभकामना

शुभ दीपावली





२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**सचिन्द्र दास**

अध्यक्ष, तथा

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, परिवार

राजविराज, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np